# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३।०७।११ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

---------------------------------------------------

नापी कार्यालय, चावहिलका कार्यालय प्रमुख, प्रमुख नापी अधिकृत (उप-सचिव) हजारी यादवले जग्गा हाल साविक गर्ने प्रयोजनका लागि सेवाग्राहिसंग विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा आयोगबाट खटिई गएको टोलीले निज प्रमुख नापी अधिकृत (उप-सचिव) हजारी यादवले सोही कार्यालयमा कार्यरत सर्भेयर जितेन्द्र पण्डित मार्फत रु.२,००,०००।- (दुई लाख) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुदा निज हजारी यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले राष्ट्रसेवक हजारी यादवलाई रु.२,००,०००।-(दुई लाख) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) (घ) बमोजिम जरिवाना र कैद सजायका साथै सर्भेयर जितेन्द्र पण्डितले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) (घ) बमोजिम हजारी यादवलाई हुने सजायको आधा सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता